# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।१२।०४ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

चोरी कसुरसम्बन्धी अनुसन्धानको क्रममा हिरासतमा रहेका रुवेश महरालाई छुटाई दिन निजका आफन्तहरुले घुस रकम दिन खोजेको भनी प्रहरी सहायक निरीक्षक बाबुलाल लामाले तत्काल कार्यालयमा जानकारी गराएको हुँदा महानगरीय प्रहरी वृत्त जनसेवा, काठमाडौंबाट खटिई गएको टोलीले का.जि.का.म.न.पा. वडा नं. २३ बसन्तपुर स्थित कुमारी मन्दिर परिसरमा सुरेन्द्र मण्डल, गगनदेव महरा र अशोक दास समेतलाई रु.८०,०००।- (असी हजार) नगद घुस सहित पक्राउ गरी आवश्यक कारबाहीको लागि यस आयोगमा पठाईएकोमा अनुसन्धान हुँदा चोरी मुद्दाको अनुसन्धानको क्रममा हिरासतमा रहेका रुवेश महरालाई छुटाउने प्रयोजनको लागि अशोक दास, गगनदेव महरा र सुरेन्द्र मण्डलले महानगरीय प्रहरी वृत जनसेवाका प्रहरी सहायक निरीक्षक बाबुलाल लामासमेतका लागि रविन्द्र प्रजा मार्फत् रु.२,००,०००।-(दुई लाख) घुस/रिसवत दिएको र सोही प्रयोजनको लागि रविन्द्र प्रजाले प्रहरी सहायक निरीक्षक बाबुलाल लामाको निर्देशनमा आफ्नो र निज प्रहरी सहायक निरीक्षक बाबुलाल लामाको लागि रु.२,००,०००।-(दुई लाख) घुस/रिसवत लिएको साथै राष्ट्रसेवक प्रहरी सहायक निरीक्षक बाबुलाल लामाले हिरासतमा रहेका रुवेश महरालाई छुटाउन घुस/रिसवत लिन मन्जुर गरेको तथ्य पुष्टि हुन आई राष्ट्रसेवक कर्मचारी निज बाबुलाल लामाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको सप्रमाण पुष्टि भएकोले निजलाई बिगो रु.२,००,०००।-(दुई लाख रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन,

साथै बिचौलिया रविन्द्र प्रजाले निज बाबुलाल लामाको निर्देशन बमोजिम निज राष्ट्रसेवकलाई घुस/रिसवत दिन र आफुले समेत लिन अशोक दासबाट घुस रकम बुझिलिई निज रविन्द्र प्रजाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुर गरेको सप्रमाण पुष्टि भएको हुँदा निज रविन्द्र प्रजालाई बिगो रु.२,००,०००।-(दुई लाख) रुपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१)को खण्ड (घ) अनुसार सजाय हुन,

त्यस्तै अशोक दास, गगनदेव महरा र सुरेन्द्र मण्डलले थुनामा रहेको व्यक्ति छुटाउने प्रयोजनको लागि राष्ट्रसेवक कर्मचारी समेतलाई रविन्द्र प्रजा मार्फत घुस/रिसवत दिएको पुष्टि हुन आई निज अशोक दास, गगनदेव महरा र सुरेन्द्र मण्डलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरेको सप्रमाण पुष्टि भएको हुँदा निजहरु अशोक दास, गगनदेव महरा र सुरेन्द्र मण्डललाई जनही बिगो रु.२,००,०००।-(दुई लाख) रुपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजायँ हुन र घुस/रिसवतको बिगो रु.२,००,०००।-(दुई लाख) रुपैयाँ मध्ये बरामद भएको रु.८०,०००।-(असी हजार) रुपैयाँ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जफत गरी नपुग बिगो रु.१,२०,०००।-(एक लाख बीस हजार) रुपैयाँ यी आरोपीहरुबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम असुल उपर गरी जफत हुन समेत मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
प्रदीपकुमार कोइराला